कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या १७/२०७९-०८४
मिति २०७९/११/२५ को
निर्णय प्रमाणित

बैठक संख्याः १७/२०७९-०८४

मिति २०७९ साल फागुन २५ गतेका दिन बसेको कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको बैठकबाट देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

**निर्णय नं. १**

नगर कार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गरियो। कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. २**

कोहलपुर नगरपालिकाबाट संचालित एम्बुलेन्स सेवालाई थप व्यवस्थित बनाउनको लागी एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यबिधी २०७८ लाई आवश्यक परिमार्जन गरी संशोधन गर्ने ।

**निर्णय नं. ३**

कोहलपुर नगरपालिकाको प्रशासकीय भवन निर्माण ठेक्का नं. BANKE/KOMUN/W/NCB-14/2078/079 को निर्माण व्यवसायीले प्राविधिक रनिङ् बिल बमोजिम रकम माग गरेकोमा हाललाई कार्यप्रगति र रनिङ बिल अनुसार नगरपालिकाको "म्याचिङ् फण्ड" शीर्षकबाट एसोसियट/ जय भवानी/ रन्जितकार जे.भी.लाई भुक्तानी दिने र स्थानीय पूर्वाधार विभागबाट निकासा भएपछि मिलान गर्ने ।

**निर्णय नं. ४**

क) कोहलपुर नगरपालिका भित्र संचालनमा रहेका विभिन्न योजनाहरुको प्रगति, फरफारक एवं म्याद सम्बन्धमा छलफल भयो ।

ख) कोहलपुर नगरपालिकाको लामो दुरीको बसपार्क निर्माणको ठेक्का नं. BANKE/KOMUN/W/NCB - 10/2077-78 बाट योजना संचालन भएकोमा पेश भए बमोजिमको Variation Order (VO -2) स्वीकृत गर्ने निर्णय गरियो।

ग) आजको बैठकसँगै कार्यपालिका सदस्यहरुबाट लामो दुरीको बसपार्कको निर्माण अवस्थाको स्थलगत भ्रमण गरी निर्माण व्यवसायीलाई सूझावहरु दिइयो। सो योजना सम्पन्न भएको भनी निर्माण ब्यवसायीबाट निवेदन पेश गरेकोमा प्राबिधिक मुल्यांकन एवं अनुगमन गरी अन्तिम बिलको भुक्तानी प्रक्रिया अगाडि बढाउने ।

घ) कोहलपुर नगरपालिकाको लामो दुरीको बसपार्क संचालन तथा ब्यवस्थापनका लागि बसपार्क व्यवस्थापन कार्यविधिको मस्यौदा तषार गरी पेश गर्न कार्यालयलाई निर्देशन दिने । उक्त

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या ९६/२०७९-०८०
मिति २०७९/११/१२ को
निर्णय प्रमाणित

कार्यविधि स्वीकृत भएपश्चात सो अनुसारका शर्तहरु राखी सार्बजनिक रुपमा बोलपत्र/दरभाउपत्र आव्हान गर्ने।

**निर्णय नं. ५**

श्री हनुमानगढी मन्दिर संचालन तथा व्यवस्थापन समितिं नेपालगंज उप.म.न.पा. २, बाँकेको पत्रबाट समितिका संरक्षक हिरामान हरि गिरीको नाममा दर्ता रही आएको कि.नं. ४८, ४९, १६६, १६८, १७०, १८२, १९८, २००, २० र २६ को जग्गा आफ्नो शेषपछि श्री हनुमानगढी मन्दिर संचालन तथा व्यवस्थापन समितिको नाममा दाखा को लागि सिफारिस माग भई आएको र सो को लागि हाल सम्मको मालपोत कर छूट गरी पाउँ भनी सो मन्दिर ब्यवस्थापन समितिले निवेदन पेश गरेकोमा कोहलपुर नगरपालिकाको आर्थिक ऐन २०७९ को दफा १६ बमोजिम श्री हनुमानगढी मन्दिर संचालन तथा व्यवस्थापन समितिको नाममा यसै आर्थिक वर्ष भित्रमा कानून बमोजिम स्थानीय तहले भूमिकर लिन नपर्ने गर्ने नामसारी भई गुठीको नाममा नामसारी हुने गरी उक्त जग्गाको आर्थिक वर्ष २०६४/६५ देखि हाल सम्मको सम्पति तथा भूमिकर रकम रु १ लाख २७ हजार ५०० (शत प्रतिशत) छुट गरी जग्गा नामसारीका लागि सिफारिस गर्ने । सो अवधिमा नामसारी नभएमा नियमानुसार साबिक बमोजिमकै शुल्क लिने ।

**निर्णय नं. ६**

यस नगरपालिकाको आधारभुत अस्पतालका लागि स्वीकृत संगठन संरचना एवं दरबन्दी तेरीज अनुसार १(एक) जना रेडियोग्राफर(सहायक पाँचौ) को आवश्यकता देखिएकाले मिति २०७९/११/१७ गतेको सूचनामा रहेको उक्त पदको पदपूर्ति प्रक्रिया अनुमोदन गर्ने ।

**निर्णय नं. ७**

कोहलपुर गोल्डकप फुटबल प्रतियोगिता संचालनका लागी कोहलपुर रेसिङ्ग सहारा क्लब, कोहलपुर २, बाँकेलाई फुटवल गोल्डकप सहकार्य शीर्षकमा बिनियोजित रु.१०,००,०००।- उपलब्ध गराउने।

**निर्णय नं. ८**

कोहलपुर नगरपालिका वडा नं. २ स्थित श्री मुक्ति प्रा.बि. लाई कोहलपुर २ सालको बुटानिरको करिव ०-१-१० (१ कठ्ठा १० धुर) जग्गा सो विद्यालयले संरचना समेत निर्माण गरी आय आर्जन गर्न पाउने गरी उपलब्ध गराउने।

**निर्णय नं. ९**

पाँचौ अन्तर माध्यामिक विद्यालय स्तरीय उपमेयर कप क्रिकेट प्रतियोगिता संचालनका क्रममा नपुग भएको खर्च रकम रु.८५,०००।- भैपरी आउने चालु शीर्षकबाट भुक्तानी दिने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या १६/२०७९-०८०
मिति २०७९/११/२५ को
निर्णय प्रमाणित

**निर्णय नं. १०**

यस कार्यपालिकाको मिति २०७९/०७/२१ को निर्णयानुसार प्रत्येक वडाहरुबाट मापदण्ड लागु हुनुपूर्वको अभिलेखीकरण हुन बाँकी, घर नक्सा पास नभएका घरहरु अभिलेखिकरणका लागि वडा कार्यालयहरुले विवरण संकलन गरे वापतको खर्च(प्रति डाटा रु.२० का दरले) वडा कार्यालयको सिफारिसमा भैपरी आउने चालु खर्च शीर्षकबाट भुक्तानी गर्ने ।

**निर्णय नं. ११**

दलित सांस्कृतिक संग्रहालय, कोहलपुर २ ले पेश गरेको प्रस्तावना पत्र अनुसारको कार्यक्रम संचालन गर्न चालु आ.ब. २०७९/०८० को नीति, बजेट तथा कार्यक्रमको पेज नं. १२६, सि.नं. ५४८ आनन्दनगर स्थित दलित सांस्कृतिक संग्राहलय अध्ययन व्यवस्थापन अनुशिक्षण कार्यक्रम कोहलपुर २ खर्च शिर्षकबाट भुक्तानी हुने गरी सम्झौता गरी कार्यान्वयन गर्ने ।

**निर्णय नं. १२**

कोहलपुर नगरपालिकाको सहयोग र अपाङ्ग नवजिवन केन्द्र बाँकेको समन्वयमा महिला बालबालिका तथा समाज कल्याण उपशाखामा अपाङ्गता सूचना तथा परामर्श केन्द्रमा परामर्शकर्ताको रुपमा आ.ब. २०७८/७९ सम्म कार्यरत भई हालसम्म स्वयंसेवकको रुपमा कार्यरत कोहलपुर १ निवासी सुश्मा बि.क. लाई चालु आ.ब. को २०७९ फाल्गुण देखि २०८० असार मसान्तसम्मका लागि दैनिक ज्यालादारीमा कामकाजमा लगाउने । साथै कोहलपुर नगरपालिका २ नं. वडा कार्यालयमा कामकाजको अत्याधिक चाप भएकोले दैनिक ज्यालादारीमा १(एक) जना कार्यालय सहयोगीलाई वडा समितिको सिफारिस अनुसार २०७९ चैत्रदेखि कामकाजमा लगाउने ।

**निर्णय नं. १३**

श्री राष्ट्रिय भूमी आयोगको भुमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा वितरण प्रयोजनार्थ यस कोहलपुर नगरपालिका वडा नं. ११ मा रहेका भूमिहिन दलित र भूमिहिन सुकुम्बासीहरुको तपसिल बमोजिमको विवरण भूमिसुधार तथा मालपोत कार्यालय, बाँकेबाट भेरिफिकेसन भै आएकोले नापजाँच कार्यका लागी राष्ट्रिय भूमि आयोग जिल्ला समिति बाँकेमा पठाउने।

तपसिल:

| सि.नं. | वडा नं. | भुमिहिन दलित | भूमिहिन सुकुम्बासी | अव्यवस्थित बसोबासी |
|---|---|---|---|---|
| १ | ११ | ४४ जना | ५३ जना | ९५९ जना |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या १८।२०७९-०८०
मिति २०७९।११।२५ को
निर्णय प्रमाणित

**निर्णय नं. १४**

कोहलपुर नगरपालिका वडा नं. ४ निवासी श्री रामपति चौधरीलाई औषधि उपचारका लागी रु १५,०००।- र कोहलपुर नगरपालिका वडा नं. ७ निवासी गिता सार्कीलाई रु. १५,०००।- आर्थिक सहायता रकम उपलब्ध गराउने ।

**निर्णय नं. १५**

वडा सिलिङ् अन्तर्गतको १२ नं. वडा कार्यालयको च.नं. ३०९४ को पत्रसाथ प्राप्त वडा समितिको मिति २०७९/१०/०६ को रामजानकी गुरुकुल स्कुलको फर्निचर खरिदमा छुट्याएको रकम रु.१,००,०००।– लाई रामजानकी गुरुकुल स्कुलको क्यान्टिन निर्माणमा संशोधन गर्ने निर्णय स्वीकृत गर्ने । आ.ब. २०७९/०८० को नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको सि.नं. २२१ बुद्धि खत्रीको घरदेखि बहराइजितको घरसम्म पुर्वपट्टी एकतर्फी नाली निर्माण क्रमागत र सि.नं. २१८ नेपालटप होटेल देखि भोज बहादुर थापाको जग्गासम्म रिङरोड जोड्ने बाटोमा एकतर्फी नाली निर्माण क्रमागत भएता पनी स्थानीय आवश्यक्ता र स्थानीयबासीको बिरोधका कारण दुवै तर्फ पक्की नाली निर्माण गर्ने गरी योजना संशोधन गर्ने ।

**निर्णय नं. १६**

चालु आ.ब. २०७९/०८० को नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. ७१ सि.नं. ७० को विभिन्न (सरकारी तथा गैर सरकारी) निकायहरुसँग समन्वय सहकार्य शीर्षकबाट खर्च हुने गरी सशस्त्र प्रहरी बल नौबस्ता तालिम केन्द्रलाई रु.१,५०,०००।–बराबरको पूर्वाधार निर्माण गर्न रकम उपलब्ध गराउने ।

**निर्णय नं. १७**

कोहलपुर नगरपालिकाको प्रशासकीय कार्यबिधी (खर्च मापदण्ड नियमित गर्ने) नियमावली २०७९ को परिच्छेद ७ को नियम २२ सँग सम्बन्धीत अनुसूची २ को (ख) आवास सुविधामा संशोधन गरी यस नगरपालिकामा कार्यरत अधिकृत ९/१० तह मुनिका तोकिएका कर्मचारीले प्राप्त गर्दै आएको घरभाडा वापतको रकम २०७९ चैत्र १ गतेदेखि उपलब्ध नगराउने ।

**निर्णय नं. १८**

कोहलपुर नगरपालिका क्षेत्रमा बन्दा नदीमा डुबेर बर्षेनी मानिसहरुको मृत्यू हुने क्रम बढेको हुँदा सो स्थानमा पौडी खेल्न निषेध गरी संचेतनामूलक बोर्ड राख्ने लगायतका कार्यक्रम गर्ने । साथै मिति २०७९/११/२३ गतेका दिन उक्त नदिमा डुबेर मृत्यु हुने कोहलपुर १२ निवासी मनसुन बराल र अनिल भट्टराई प्रति कार्यपालिकाको तर्फबाट समवेदना ब्यक्त गर्ने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत